# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

चं नं
प. स. ०८१/०८२

मिति:- २०८१/०४/०८

<u>व्यवसाय दर्ता गर्ने सम्वन्धी अत्यन्त जरुरी सुचना!!!</u>

सरावल गाउँपालिकाको आर्थिक ऐन-२०८१ अनुसार प्रचलित ऐन कानुन अनुसार दर्ता भई यस गाउँपालिकाभित्र सञ्चालनमा रहेका सम्पुर्ण उद्योग व्यवसायहरु तोकिएअनुरुपको व्यवसाय कर दाखिला गरी नियमानुसार व्यवसाय दर्ता/व्यवसाय सञ्चालन ईजाजतपत्र लिनुपर्ने कानुनी व्यवस्था रहेको छ। तसर्थ यस गाउँपालिकाभित्र सञ्चालित सम्पुर्ण उद्योग/व्यवसाय/प्राईभेट फर्म/संघसंस्था तथा अन्य व्यवसायिक तथा सामाजिक प्रतिष्ठानहरुलाई देहायअनुरुप गर्नुहुन जानकारी गराईन्छ।

- ५ लाखभन्दा कम पुजी भई यस गाउँपालिकामा दर्ता भएका सम्पुर्ण पसल/व्यवसायहरु असोज मसान्तभिंत्रै यस पालिकामा आई आफ्नो व्यवसाय नविकरण गरिसक्नुहुन।
- ५ लाखभन्दा बढी पुजी भई अन्य निकायमा प्राईभेट फर्म वा कम्पनीका रुपमा दर्ता भएका सम्पुर्ण उद्योग/व्यवसाय/फर्म/कम्पनीहरु नियमानुसार यस गाउँपालिकामा व्यवसाय दर्ता गरी सञ्चालन ईजाजत पत्र प्राप्त गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्था गर्नुहुन।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित वित्तिय संस्था, सहकारी संघसंस्था तथा अन्य संघसंस्थाहरुले गाउँपालिकाको आर्थिक ऐनले गरेको व्यवस्था अनुसारको व्यवसाय कर दाखिला गरि व्यवसाय सञ्चालन ईजाजतपत्र प्राप्त गरेर आफ्नो व्यवसायिक गतिबिधी सञ्चालन गर्नुहुन।
- नियमानुसार दर्ता/नविकरण नगरी तथा व्यवसाय सञ्चालन ईजाजत नलिई व्यवसाय सञ्चालन गर्नु गैरकानुनी कार्य हो। आफ्नो व्यवसाय समयमै दर्ता गरी सभ्य नागरिक बनौ। असल व्यसायिक गतिविधी सञ्चालन गरौं अनावश्यक कानुनी झण्झट तथा जरिवानावाट वचौं।

नोट:- आ.व समाप्त भएको ३ महिनासम्म नविकरण नभएमा नियमानुसार जरिवाना लाग्छ तसर्थ समयमै आफ्नो व्यवसायको प्रमाणपत्र नविकरण गरी व्यवसाय सञ्चालन गर्नुहुन सुचित गरिन्छ।

..................
बिशाल मिश्रा
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत